MILLENNIUM CHALLENGE ACCOUNT NEPAL
(MCA-Nepal)

## प्रेस विज्ञप्ति

# एमसीसी नेपाल कम्प्याक्ट अनुमोदन गर्न एमसीए-नेपालको अनुरोध

काठमाडौं, २०७६ पुस ६ गते (सन् २०१९ डिसेम्बर २२)।

नेपालको आफ्नै वैधानिक प्रक्रिया अन्तर्गत स्थापना गरिएको अर्थ मन्त्रालय अन्तर्गतको विकास समिति एमसीए-नेपाल अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) सँगको कम्प्याक्ट (सम्झौता)मा उल्लेख गरिएका पूर्वाधार आयोजनाहरू समयमै सम्पन्न गर्न प्रतिबद्ध छ र सम्माननीय संसद्को हिउँदे अधिवेशनबाट उक्त कम्प्याक्ट अनुमोदनका लागि अनुरोध गर्दछ।

एमसीसी नेपाल कम्प्याक्टको औपचारिक कार्यान्वयन २०७७ असार १६ देखि हुँदैछ भने यसको कार्यान्वयन थालनी हुनुपूर्व पूरा गरिसक्नुपर्ने छ वटा शर्तहरू छन्। ती पूर्वशर्तमध्ये नेपाल-भारत सीमापार प्रसारण लाइन निर्माणसम्बन्धमा भारतसँग गर्नुपर्ने सम्झौतासहित चार वटा पूर्वशर्तहरू पूरा भइसकेका छन्। आयोजनाहरू समयमै कार्यान्वयन गर्नका लागि निर्धारण गरिएको आर्थिक सहयोग नेपालले प्राप्त गर्ने सुनिश्चित गर्नका लागि अब पूरा हुन बाँकी दुई वटा महत्वपूर्ण पूर्वशर्तहरू कम्प्याक्टको संसदीय अनुमोदन तथा आयोजना क्षेत्रमा पहुँच हुन्।

नेपालमा लगानी वृद्धि एवं आर्थिक विकासमा तीव्रता ल्याउनका लागि सहयोगी वातावरण सिर्जना गर्नका लागि नेपालको विद्युत्को उपलब्धता र भरपर्दोपनामा वृद्धि गर्ने, सडक गुणस्तर कायम गर्ने तथा नेपाल र यस क्षेत्रबीच ऊर्जा व्यापारलाई सहज बनाउने उद्देश्यसहित तर्जुमा गरिएका आयोजनाहरूको कार्यान्वयनका लागि आवश्यक तयारी कार्यको अन्तिम चरणमा एमसीए-नेपाल पुगिसकेको छ।

तयारी चरणमा हासिल गरिएका केही प्रमुख उपलब्धि निम्नानुसार छन्:

- नयाँ बुटवल-गोरखपुर सीमापार प्रसारण लाइनको कार्यान्वयनलाई सञ्चालन गर्ने लगानी तथा स्वामित्वसम्बन्धी संरचनामा नेपाल सरकार तथा भारत सरकारबीच सन् २०१९ अक्टोबर १५ मा सहमति भयो। यो सहमति कम्प्याक्ट र यसका पूर्वशर्तहरूको एक अभिन्न अङ्ग हो।
- सन् २०१९ सेप्टेम्बर ३० मा नुवाकोटका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा उक्त जिल्लाको मुआब्जा निर्धारण समिति गठन गरियो र अन्य नौ जिल्लामा पनि समितिहरू गठन गर्ने प्रक्रिया जारी छ।
- सम्भावित निर्माण तथा सेवा प्रदायक संस्थाहरूलाई यस कार्यक्रमबारे जानकारी प्रदान गर्न तथा यस कार्यक्रम अन्तर्गतका आयोजनाहरूको निर्माणका लागि हुने विश्वव्यापी टेण्डर प्रक्रियामा विश्वका सर्वोत्कृष्ट कम्पनिहरूको सहभागिता रहने सुनिश्चित गर्न सन् २०१९ नोभेम्बर १८ मा काठमाडौंमा र नोभेम्बर २९-३० मा भारतको नयाँदिल्लीमा 'आउटरिच' कार्यक्रम आयोजना गरिएको थियो।
- विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने १० जिल्लाका ३० वटा नगरपालिका/ गाउँपालिकामा आयोजना कार्यान्वयनका कारण पर्ने वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम सन् २०१९ नोभेम्बर २४ देखि डिसेम्बर ६ सम्म आयोजना गरिएको थियो र यससम्बन्धमा ३० वटै पालिकाले आफ्नो सिफारिश दिइसकेका छन्।
- विद्युत् प्रसारण आयोजना सञ्चालन गरिने ३० वटै नगरपालिका/गाउँपालिकामा स्थानीय स्तरका सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिसकिएको छ भने नुवाकोट, सिन्धुपाल्चोक र नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) मा गरी तीन वटा जिल्लास्तरीय सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिसकिएको छ।

- यसैगरी, सन् २०२० को जुन ३० मा कम्प्याक्टलाई सफलतापूर्वक कार्यान्वनय चरणमा प्रवेश गराउनका लागि आयोजनाहरूको विस्तृत डिजाइन कार्य, प्रसारण लाइन मार्ग टुङ्गो लगाउने कार्य तथा निर्माण कार्यका लागि बोलपत्र प्रकाशन एवं ठेकेदार चयन प्रक्रिया निर्धारणसम्बन्धी कार्यहरू अबको दुई महिनाभित्र भइसक्नेछ ।

एमसीसीको कम्प्याक्ट अनुदान पाउन नेपालले विश्वव्यापी प्रतिस्पर्द्धा गर्नुपरेको थियो र सुशासन, आर्थिक स्वतन्त्रता तथा नागरिकका लागि लगानीसम्बन्धी एमसीसीका मापदण्डमा नेपाल सफल भइसकेपछि मात्र नेपाललाई उक्त अनुदान दिने निर्णय गरिएको थियो । यसैगरी एमसीए-नेपालमा कार्यारत ६० जनाभन्दा बढी कर्मचारीहरूसहित नेपाली विज्ञहरूबाटै कम्प्याक्ट अन्तर्गत निर्धारण गरिएका आयोजनाहरू सम्पन्न गर्न सकिन्छ भन्ने प्रमाणित गर्नका लागि नेपालले पाएको यो ठूलो अवसर हो । कार्यान्वयन थालनी भएको पाँच वर्षमा सम्पन्न हुने कम्प्याक्ट समयसीमायुक्त कार्यक्रम हो ।

कम्प्याक्टसम्बन्धी विभिन्न विषयमा सञ्चार माध्यमहरूद्वारा प्रदर्शन गरिएका चासोप्रति हामी कृतज्ञता व्यक्त गर्दछौं र एमसीए-नेपाल आफ्नो क्षेत्राधिकार अन्तर्गतको कार्यसम्पादन गर्न प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छौं ।

एमसीए-नेपाल नेपाल सरकार तथा एमसीसीप्रति उहाँहरूको पूर्ण सहयोगका लागि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छ र आर्थिक वृद्धिका माध्यमबाट गरिबी न्यूनीकरण गर्ने उद्देश्य लिएको यस निकै महत्वपूर्ण तथा महत्वाकाङ्क्षी कार्यक्रम कार्यान्वयनका लागि सघाउ पुर्‍याउनका लागि सम्पूर्ण सम्बन्धित सरोकारवाला, सञ्चार माध्यम, नागरिक समाज तथा जनसाधारणसमक्ष विनम्र अनुरोध गर्दछ ।

***टिप्पणी :***

*'राष्ट्रिय गौरवको योजना'का रूपमा रहेको विद्युत् प्रसारण आयोजनालले ३१२ किमि लामो दोहोरो सर्किटयुक्त चार सय केभीको प्रसारण लाइन तथा तीन वटा सब-स्टेशन पनि निर्माण गर्नेछ र नेपालको ऊर्जा क्षेत्रलाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ । उक्त प्रसारण लाइने नेपालको १० जिल्लाका ३० वटा नगरपालिका/गाउँपालिका भएर जानेछ भने रातमाते, दमौली र नयाँ बुटवलमा सब-स्टेशन निर्माण गरिनेछ ।*

*सडक मर्मत आयोजनाले नेपालको रणनैतिक सडक सञ्जालका लागि गर्ने गरिएका योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी अभ्यासमा सुधार ल्याउने उद्देश्यसहित सडक विभाग र सडक बोर्ड नेपाललाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ । आयोजनाले सडक मर्मतसम्भारका क्रममा सडक सुधार प्रविधि कार्यान्वयन गर्नुका साथै सडक सुरक्षा अभिवृद्धिसम्बन्धी पहललाई अगाडि बढाउनेछ । सडक सुधारसम्बन्धी नयाँ प्रविधिका रूपमा सडकमै रहेका पदार्थलाई पुनःप्रयोग गर्ने सिद्धान्तलाई अनुसरण गर्ने फूल डेप्थ रिसाइक्लिङ तथा सुपरपेभ एस्फाल्ट कङ्क्रिट प्रविधिको प्रयोग गरिनेछ । पहिला पूर्व-पश्चिम राजमार्गको भालुवाङ - लमही (२७ किमि) खण्डमा उक्त प्रविधिको परीक्षण गरिनेछ भने उक्त परीक्षण सफल भएपछि चन्द्रौटा - भालुवाङ (३५ किमि) र लमही - शिव खोला (३७ किमि) सडक खण्डमा सोही प्रविधि प्रयोग गरी मर्मत कार्य गरिनेछ ।*

***थप जानकारीका लागि :***

- *एलिना राजभण्डारी श्रेष्ठ, सञ्चार तथा सार्वजनिक मामिला व्यवस्थापक, एमसीए-नेपाल*
  *फोन नं. : ९७७-०१-४२३८३५३/०१-४२३८३९२; मोबाइल नं. ९७७-९८५१०७३४४६*
  *ई-मेल : alina.rajbhandary@mcanp.org*

- *पुष्कर माथेमा, सञ्चार विज्ञ, एमसीए-नेपाल*
  *फोन नं. : ९७७-०१-४२३८३५३/०१-४२३८३९२; मोबाइल नं. ९७७-९८५१०५१५६७*
  *ई-मेल :pushkar.mathema@mcanp.org*